# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, असोज १७ गते २०४५ साल (संख्या २५

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी पशुपतिक्षेत्र विकास कोषले आयात गर्ने जापानी येन १,११८,५८०।– मूल्य बराबरको १ थान टोयोटा कोरला कार र जापानी येन ३१२,७००।– मूल्य बराबरको मिनोल्टा ई.पी. ३७० जेड फोटो कपी मेशीन थान एकसहित ५ वटा टोनर र एक स्टार्टरमा लाग्ने भन्सार महशूल तथा बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी हवाई विभाग अन्तर्गत भैरहवा र विराटनगर विमानस्थलमा जडान गर्नको लागि ए.डी.बी. बेल्जीयमबाट रिप्लेसमेन्ट बापत प्राप्त हुने मूल्य बेल्जीयम फ्राङ्क ४४३१७५ र सोफ्राभिया फ्रान्सबाट रिप्लेसमेन्ट बापत प्राप्त हुने मूल्य फ्रेन्च फ्राङ्क १३८३२५ बराबरका उपकरणहरूमा लाग्ने भन्सार महशूल तथा बिक्रीकर पूर्ण रूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

229

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।